### १.१.५. नगरपालिकाको वडाहरुको जनसङ्ख्या :

| वडा न | क्षेत्रफल. | राष्ट्रिय जनगणना २०६८ अनुसारको | | | |
|---|---|---|---|---|---|
| | | घरपरिवार सङ्ख्या | जम्मा | पुरुष | महिला |
| १ | ९.२२७ | ४६६ | २०६२ | ९१९ | ११४३ |
| २ | ८.६४२ | ७३९ | ३४२२ | १६११ | १८११ |
| ३ | ४.३७६ | ५८० | २६०९ | ११६३ | १४४६ |
| ४ | ९.०५१ | ४७५ | २११२ | ९६२ | ११५० |
| ५ | १८.७५८ | ९२२ | ४३७६ | २०५१ | २३२५ |
| ६ | ५.२१७ | ३३२ | १५१४ | ७०३ | ८११ |
| ७ | ७.६०० | ७५० | ३१९३ | १४९१ | १७०२ |
| ८ | ५.७३६ | ६४५ | २६८४ | १२०७ | १४७७ |
| ९ | १२.३५६ | ५७७ | २५२० | ११६६ | १३५४ |
| १० | १३.६६४ | ४९८ | २२३४ | १०३२ | १२०२ |
| ११ | ७.७३८ | ६०० | २७९३ | १२९९ | १४९४ |
| जम्मा | १०२.३६६ | ६,५८४ | २९,५१९ | १३,६०४ | १५,९१५ |

## १.२ विद्यमान अवस्थाको समिक्षा:

### १.२१. सवल पक्ष

नगरपालिका गठन हुनु आफैमा ठूलो उपलब्धी र सवल पक्ष हो । स्थानीय तहको घोषणा पश्चात निर्वाचित जनप्रतिनिधिहरुले कार्यभार सम्हाले पश्चात जनतामा अपार उत्साह छाएको र विकासले गति लिएको अवस्था रहेको छ । जनशक्ति र भौतिक साधन श्रोतको हिसावले तुलनात्मक रुपमा नगरपालिकाको अवस्था राम्रो रहेको छ । नगरपालिकाको आफ्नै भवन निर्माण सम्पन्न हुने अवस्थामा छ । पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिने सम्भावना प्रसस्त रहेको नमोबुद्ध मन्दिर विश्व भरिका बौद्ध धर्मावलम्बीहरुको तीर्थस्थल रहेको कारण यस क्षेत्रमा पर्यटन व्यवसायको प्रचुर सम्भावना रहेको छ । दन्तलहर झै मिलेका हिम शृङ्खला प्रष्टै देखिने फूलबारी तथा दाप्चा लगायतका क्षेत्रमा घरवास (Homestay) संचालन गरी स्थानीय संस्कृति